नेपाल इण्डष्ट्रियल एण्ड
कमर्सियल बैंक लिमिटेड

NIC BANK

Nepal Industrial &
Commercial Bank Ltd.

# नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लि.को दोस्रो वार्षिक साधारण सभाको काम कारवाहीको विवरण (माइन्यूट)

नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लि.को दोस्रो वार्षिक साधारण सभा बैंकका संचालक समितिका अध्यक्ष श्री जगदीश प्रसाद अग्रवालज्यूको सभापतित्वमा २०५६ साल फाल्गुण २७ गते शुक्रवार तदनुसार १० मार्च २००० का दिन बैंकको प्रधान कार्यालय, विराटनगरमा सम्पन्न भयो ।

**साधारणसभाको सूचना :**

साधारणसभाको सूचना सवै शेयरधनीहरुलाई निजहरुको ठेगानामा पठाउनुका साथै मिति २०५६/११/०५ र मिति २०५६/११/२४ को हिमालय टाइम्समा प्रकाशित गरिएको थियो । बैंकको विक्री भएको शतप्रतिशत शेयरको प्रतिनिधित्व गर्दै सम्पूर्ण शेयरधनीहरुको स्वयं र प्रतिनिधि मार्फत सभामा उपस्थिति भएको थियो । उपस्थित सवै शेयरधनीहरु सभामा भागलिन र मतदान गर्न योग्य अधिकारवाला हुनुहुन्थ्यो ।

संचालकहरु मध्ये श्री सुभाषचन्द्र संघई स्वास्थ्यको कारणले गर्दा सभामा उपस्थित हुन सक्नु भएन । नेपाल राष्ट्र बैंकबाट नायब मुख्य अधिकृत श्री अर्जुन बहादुर अधिकारी ज्यू पर्यवेक्षकको रुपमा सभामा उपस्थित हुनु भएको थियो । सभा अपरान्ह ४।०० बजे शुरु भई सांझ ५।३० बजे सम्पन्न भयो ।

**छलफलका लागि प्रस्तुत विषय सूचि:**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले वार्षिक प्रतिवेदन प्रस्तुत गरी स्वीकृत गर्ने ।
२. लेखा परिक्षकको प्रतिवेदन सहितको लेखा परिक्षण गरिएको २०५६ साल असार ३२ गते सम्मको वासलात र सोही मितिमा समाप्त आ. व. २०५५/२०५६ को नाफा नोक्सान हिसावमा छलफल गरी स्वीकृत गर्ने ।
३. आ. व. २०५६/०५७ का लागि लेखापरिक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. दोस्रो वार्षिक साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न शेयरवाला र संचालकहरुको तर्फबाट एक – एक जना प्रतिनिधीको नियुक्ति ।
५. विविध

NIC BANK

सभाको कारवाही:

केम्पनी सचिवले कम्पनी ऐन २०५३ र वाणिज्य बैंक ऐन २०३१ बमोजिम बोलाइएको आजको सभा संचालन गर्न गणपूरक संख्या पुगेकोले सभाको काम कारवाही शुरु हुने र सभाको सभापतित्व संचालक समितिका अध्यक्षले गर्नु हुने जानकारी गराउदैं सभा संचालनका लागि अध्यक्षज्यूलाई अनुरोध गर्नु भयो ।

सभापतिज्यूले उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरु, पर्यवेक्षक एवम् प्रतिनिधीहरुको हार्दिक अभिवादन एवम् स्वागत गर्नु भयो र बैंकको सफल संचालनका लागि सहयोगी संचालक साथीहरु, कार्यकारी निर्देशक लगायत कर्मचारीहरुप्रति आभार प्रकट गर्दै कार्यकारी निर्देशक श्री के. आर. अय्यरलाई वार्षिक प्रतिवेदनको प्रस्तुतिका लागि अनुरोध गर्नु भयो ।

(क) कार्यकारी निर्देशकले संचालक समितिको तर्फबाट आर्थिक वर्ष ०५५।०५६ को वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नु भयो ।

(ख) वार्षिक प्रतिवेदनको प्रस्तुति पछि लेखा परिक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष ०५५।०५६ को वासलात, नाफा नोक्सान हिसाब सभा समक्ष छलफलका लागि प्रस्तुत गरियो।

छलफलको कममा शेयरधनीहरु श्री पवन कुमार अग्रवाल र श्री त्रिलोकचन्द अग्रवालले संयुक्तरुपमा राख्नु भएको जिज्ञासा, मन्तव्य र सुझावहरुको सामूहिक रुपमा दिइएको जवाफको सारांश निम्न बमोजिम प्रस्तुत गरिएको छ ।

* बैंकिङ्ग क्षेत्रको खर्चको अनुपातमा यस बैंकको संचालन खर्चको अनुपात बढी रहेको देखिन्छ, किन ?

** संचालन खर्च स्थीर प्रकृतिको खर्च हो । संचालनको प्रथम बर्ष भएकोले बैंकिङ्ग कारोबारबाट हुने खर्च अन्य पुराना बैंकको तुलनामा कम रह्यो । आउदा वर्षहरुमा स्थिर खर्चमा कम मात्र वृद्धि हुने र बैंकिङ्ग कारोवारबाट हुने खर्चको अनुपात बढ्ने भएकोले आगामी वर्ष देखि संचालन खर्चको अनुपात अन्य बैंक सरह न्यून हुने अपेक्षा गरिएको छ ।

* अन्य बैंकको तुलनामा यस बैंकको कर्जा निक्षेपको अनुपात (Credit Deposit Ratio) उच्च रहेको देखिन्छ, यसले बैंकको तरलतामा नकारात्मक असर पार्न सक्छ कि ?

** ठूलो पूंजी भएको कारणले तुलनात्मक रुपमा कर्जा - निक्षेप अनुपात पनि उच्च रहनु स्वभाविक हो । बैंक संचालनको प्रथम वर्षमा भएको र निक्षेप लागत केही बढी हुन गएकोले कुल ब्याजदर फरकलाई अधिकतम् पार्न अन्य कम प्रतिफल हुने लगानी भन्दा

NIC BANK

कर्जामा जोड दिनु पनि स्वभाविकै हो । तथापी, तरलता स्थितीलाई मजबुत राख्न बैंकका अन्य कारोवार बढ्दै गएको अनुपातमा अल्पकालिन अन्तरबैंक कर्जा तथा ट्रेजरी विल, सरकारी ऋणपत्र आदीमा लगानी पनि समानुपातिक रुपमा बढाउदै लैजाने कोष व्यवस्थापन नीति रहेकोले बैंकको तरलतामा कुनै नकारात्मक असर पर्ने संभावना छैन ।

* यस बैंकको भविष्यका कार्यक्रमहरु के के छन् ?

** निकट भविष्यमा बिरगंज र बुटवलमा शाखा खोल्ने कार्यक्रम छ । स्वचालित टेलर मेसीन (ATM) स्विफ्ट (SWIFT) जस्ता अत्याधुनिक प्रविधि विचाराधिन अवस्थामा छन् बैंकले ISO प्रमाणपत्र लिन प्रकृया अगाडि बढाएको छ ।

* बैंकको शाखा विस्तार तिब्र रुपमा भईरहेको छ । यस्कोलागि आवश्यक पर्ने दक्ष जनशक्ति कसरी तयार परिएका छन् ?

** विद्यामान कर्मचारीहरुको क्षमता विकास गरी दक्ष बनाएर आवश्यक जनशक्ति पुरा गर्ने तर्फ बैंकको पहिलो प्राथमिकता रहने छ । यसबाट नपुगेमा विज्ञापन मार्फत अनुभवी कर्मचारी लिने योजना छ ।

* बैंकको न्यूरोड र विराटनगर शाखाले दशै, तिहार जस्तो राष्ट्रिय पर्वमा र न्यूरोड शाखाले आइतवार र संध्याकालिन काउन्टर खोलेको जान्न पाउदा अत्यन्तै खुसी लागेको छ । बैंकको लागि अतिरिक्त कार्य गर्ने व्यवस्थापन र कर्मचारीलाई धन्यवाद दिन चाहन्छु ।

** ग्राहकको माग र बढ्दो प्रतिस्पर्धालाई ध्यानमा राखी यस्ता कार्यहरु गरिएका छन् र आगामी दिनमा पनि बैंकलाई अझ ग्राहकमुखी र प्रतिस्पर्धी बनाउन कुनै पनि प्रयत्न गर्न पछि नपर्ने जानकारी गराउदछौं ।

* बैंकको हालै सम्पन्न सर्वसाधारणलाई शेयर बाँडफाँड कार्य कसरी गरिएको छ ?

** नेपाल राष्ट्र बैंक, धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रार कार्यालय, नेपाल स्टक एक्सचेन्ज, बिक्रि प्रबन्धकहरु र बैंकको प्रतिनिधिको उपस्थितिमा कुल १२५६४६ निवेदकहरु मध्ये, बैंकका कर्मचारी बाहेक, ४२०१० निवेदकलाई बाँडफाँड गरिएको छ । शेयरको लागि निवेदन दिने निवेदकहरु मध्येबाट विभिन्न वर्गमा १:३ अनुपातले प्रतिनिधित्व हुने तर घट्दो दरले, बढी शेयरको लागि निवेदन दिनेलाई कम शेयर हुने गरि, कम्प्यूटर पद्दतिबाट शेयर बांडफांड वितरण गरिएको छ ।

NIC BANK

छलफलको समाप्ती पछि सभाबाट सर्वसम्मतिले देहाय बमोजिमका निर्णयहरु भए:

१। छलफलका लागि पूर्व सूचित विषय सूचि नं १ बमोजिम दोस्रो वार्षिक साधारणसभाका लागि संचालक समितिको तर्फबाट प्रस्तुत वार्षिक प्रतिवेदन पारित गरियोस भनी सभापतिज्यूले राख्नु भएको प्रस्ताव करतल ध्वनिका साथ सर्वसम्मतिले पारित भयो ।

२। छलफलका लागि पूर्व सूचित विषय सूचि नं २ बमोजिम लेखापरिक्षकको प्रतिवेदन सहितको ०५६ साल असार ३२ गते सम्मको वासलात र सोही मितिमा समाप्त आ.व.०५५।०५६ को नाफा – नोक्सान हिसाबलाइ स्वीकृत गर्ने प्रस्ताव माथि छलफल भएपछि सर्वसम्मतिबाट पारित गरियो ।

३। आ.व.०५६।०५७ का लागि लेखापरिक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने बारेको प्रस्ताव माथि छलफल हुंदा वहालवाला लेखापरिक्षक श्री रत्नराज बज्राचार्य आर. बज्राचार्य एण्ड कम्पनी चार्टड एकाउण्टेण्टलाई नै लेखा परिक्षण (Statutory Audit) र कर लेखा परिक्षण (Tax Audit) गराउने गरी पुन: नियुक्ति गर्ने र निजको पारिश्रमिक साविक बमोजिम रु.८०,०००।–(रु.अस्सी हजार मात्र) निर्धारण गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

४। यस दोस्रो वार्षिक साधारणसभाको काम कारवाहीको विवरण (माइन्यूट) मा हस्ताक्षर गर्ने प्रतिनिधी तोक्ने प्रस्ताव उपर छलफल भई संचालकहरुको तर्फबाट श्री लोकमान्य गोल्छा र शेयरधनीहरुको तर्फबाट श्री पवन गोल्याणले हस्ताक्षर गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

छलफल र निर्णयको काम कारवाही समाप्त भएपछि कार्यकारी निर्देशक श्री के. आर. अय्यरले दोस्रो वार्षिक साधारणसभामा सहभागी सबैलाई धन्यवाद ज्ञापन गर्नु भयो।

धन्यबाद ज्ञापन पश्चात, अन्त्यमा सभापतिज्यूले सभा विसर्जन भएको घोषणा गर्नु भयो ।

| | | |
|---|---|---|
| (पवन गोल्याण) | (लोकमान्य गोल्छा) | (जगदीश प्रसाद अग्रवाल) |
| शेयरधनीहरुको तर्फबाट | संचालकहरुको तर्फबाट | सभापति |